# पाठ ३४

१. सिनाई पर्वतको टाकुराबाट परमेश्वरले इज्रेलीहरूलाई के दिनुभयो ?
- दश आज्ञाहरू ।

२. किन परमेश्वर मात्रै हामो परमेश्वर हुनुपर्छ ?
- किनभने केवल एकमात्रै परमेश्वर हुनुहुन्छ ।
- किनभने यहाँ अरू कुनै ईश्वर छैन ।

३. हामीले किन परमेश्वर जस्तै देखिने मूर्ति कुँद्नु हुँदैन ?
- किनभने परमेश्वर आत्मा हुनुहुन्छ ।
- किनभने परमेश्वर मानिसजस्तो, वा जनावरजस्तो वा चराजस्तो हुनुहुन्न ।

४. हामीले किन परमेश्वरको नाउँको आदर गर्नुपर्छ ?
- किनभने परमेश्वरको नाउँ र परमेश्वर एकै हुनुहुन्छ ।
- किनभने परमेश्वरको नाउँ र परमेश्वर एक हुनुहुन्छ ।

५. हामीले किन साताको एक दिन विश्राम लिनुपर्छ ?
- किनभने परमेश्वरले स्वर्ग र पृथ्वीको सृष्टि छैठौं दिनमा गर्नुभयो र सातौं दिन विश्राम लिनुभयो ।

६.हामीले किन आफ्ना मातापिताको आदर गर्नुपर्छ ।
- किनभने परमेश्वरले हामीलाई हाम्रा मातापिता हामीलाई हुर्काउनको निम्ति दिनुभयो ।

७. यदि हामीले अरू मानिसलाई घृणा गर्छौं भने हामीले के गर्छौं भनी परमेश्वरले भन्नुभएको छ ?
- यदि हामीले अरू मानिसलाई घृणा गर्छौं भने हामीले उसको हत्या गर्छौं भनी परमेश्वरले भन्नुभएको छ ।

८. परमेश्वरका अनुसार यदि हामीले अर्को मानिसतर्फ हर्‍यौं र ऊसँग यौन सम्पर्क गर्न चाह्यौं भने हामीले के गरेका हुन्छौं ?
- जब हामी अर्को मानिसलाई हेर्छौं र यौन सम्पर्क गर्ने लालसा राख्छौं तब हामी यो आज्ञा भङ्ग गर्छौं ।

९. परमेश्वरका अनुसार यदि हामीले अरूको सामान चोर्ने भनी सोच्छौं भने हामीले के गरेका हुन्छौं ?
- परमेश्वरले भन्नुभएको छ यदि हामीले अरूका सामान चोर्ने भनी मनमा सोच्छौं भने हामी तयो चोरे बाराबर हुन्छ ।

१०. परमेश्वरका अनुसार यदि हामीलाई सत्य थाहा छ तर त्यो भन्न सक्दैनौं भने हामीले के गरेका हुन्छौं ?

- परमेश्वरले भन्नुभयो यदि हामीलाई सत्य थाहा छ तर त्यो भन्न सक्दैनौं भने हामीले झूठो बोलिरहेका हुन्छौं ।

११. हामीले किन अरू मानिससँग भएको सामानको लालसा गर्नुहुँदैन ।

- किनभने परमेश्वरले नै अरू मानिसहरूलाई ती सामान दिनुभएको हो ।

१२. परमेश्वरले दिनुभएका दशमध्ये एउटा मात्रै आज्ञा उल्लङ्घन गर्नुको सजाय के हो ?

- हामी परमेश्वरले दिनुभएका दशमध्ये एउटै आज्ञा पालन गर्न असमर्थ भयौं भने तापनि परमेश्वरले त्यो दशओटै आज्ञा उल्लङ्घन गरेको हो भन्नुभएको छ

१३. परमेश्वरले दिनुभएका दश आज्ञा उल्लङ्घन गर्नुको सजाय के हो ?

- अनन्त अग्निको दहको मृत्यु ।

१४. परमेश्वरका आज्ञाहरू कसरी शीशाझैं हुन् ?

- परमेश्वरका आज्ञाहरूले हामीलाई हाम्रा पाप हेर्न मद्दत गर्छन् ।
- परमेश्वरका आज्ञाहरूले हामीलाई हाम्रा पाप देखाउँछन् ।

१५. परमेश्वरले हामीलाई किन उहाँका आज्ञाहरू दिनुभयो ?

- हामीलाई हाम्रो खराब चरित्र देखाउन, हाम्रो पापले भरिएको हृदय ।

१६. कसले मात्रै हाम्रो खराब, पापले भरिएको हृदय शुद्ध पार्न सक्नुहुन्छ ?

- केवल परमेश्वरले ।

- किनभने परमेश्वर इज्रेलीहरूले उहाँले दिनुभएका दश आज्ञाहरू बिर्सून् भन्ने चाहनुहुन्थ्यो त्यसैले उहाँले ती आज्ञाहरू ढुङ्गामा दुई पाटीमा लेख्नुभयो ।

- परमेश्वरले मोसालाई ती दुई ढुङ्गाका पाटी लिनको लागि सिनाई पर्वतको टाकुरामा बोलाउनुभयो

आउनुस् प्रस्थान २४:१२ पद पढौं ।

12 परमप्रभुले, मोशालाई भन्नु भयो, “पर्वतमाथि मकहाँ आऊ। मैले मेरा शिक्षाहरू र नियमहरू ढुङ्गाको पाटीहरूमा लेखेको छु। ती पाटीहरू म तिमीलाई दिनेछु।”

- मोसाले परमेश्वरको आज्ञा माने र सिनाई पर्वतको टाकुरामा उक्ले ।
- यहोशू नाउँ गरेका एकजना तन्नेरी पनि उनको साथमा थिए ।

आउनुस् प्रस्थान २४:१३-१५ र १८ पद पढौं ।

13 यसकारण मोशा र उसका सहायक यहोशू उठे अनि मोशा परमेश्वरको पर्वतमाथि चढे। 14 मोशाले
बूढा-प्रधानहरूलाई भने, "हामीहरू नफर्कुन्जेल यहीं पर्ख। जब म जान्छु, तिमीहरूबीच कसैको झगड़ा
भए हारून र हूर कहाँ लानु पर्छ।" 15 तब मोशा पर्वतमाथि गए, र पर्वत बादलले ढाकेको थियो।

18 तब मोशा अझै धेरै बादलभित्र गए। पर्वतमाथि मोशा चालीस दिन र चालीस रात बसे।

- जब मोसा सिनाई पर्वतको टाकुरामा उक्ले तिनलाई परमेश्वरले दश आज्ञा दिनुभयो ।

परमेश्वरले मोसालाई दश आज्ञा दिने बेलामा उहाँले तिनलाई परमेश्वरको निम्ति केही बनाउन पनि आज्ञा दिनुभयो ।

- परमेश्वरले मोसालाई उहाँको निम्ति पाल बनाउन आज्ञा दिनुभयो ।

आउनुस् प्रस्थान २५:८ पद पढौं ।

8 परमेश्वरले अझ भन्नु भयो, "मानिसहरूले मेरो निम्ति पवित्र स्थान बनाउन सक्छन् अनि म तिनीहरूमाझ बस्न सक्छु।

- परमेश्वरले किन मोसालाई उहाँको निम्ति पाल टाँग्न भन्नुभयो ?

- के परमेश्वरलाई बस्नका निम्ति घरको खाँचो थियो ?
- थिएन ।

- किन परमेश्वरलाई बस्नका निम्ति घरको खाँचो पर्दैन ?
- किनभने परमेश्वर आत्मा हुनुहुन्छ ।

- किनभने परमेश्वर जहाँसुकै जहिले पनि हुनुहुन्छ ।

- परमेश्वरले मोसालाई किन उहाँको निम्ति पाल टाँग्न भन्नुभयो ?

- के तपाईंलाई परमेश्वरले इज्रेलीहरूसँग गर्नुभएको करारको सम्झना छ ?

- परमेश्वरले इज्रेलीहरूसँग गर्नुभएको करार के थियो ?

- यदि इज्रेलीहरूले परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्थे भने परमेश्वरले के गर्ने प्रतिज्ञा गर्नुभयो ?

- यदि इज्रेलीहरूले परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्थे भने परमेश्वरले तिनीहरूलाई आशिष् दिने प्रतिज्ञा गर्नुभयो ।

- यदि इज्रेलीहरूले परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्दैनथे भने परमेश्वरले के गर्ने प्रतिज्ञा गर्नुभयो ?

- यदि इज्रेलीहरूले परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्दैनथे भने परमेश्वरले तिनीहरूलाई सजाय दिने प्रतिज्ञा गर्नुभयो ।

- के इज्रेलीहरू परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्न समर्थ थिए ?
- थिएनन् ।

- के परमेश्वरलाई इज्रेलीहरू उहाँले दिनुभएका सबै आज्ञा पालन गर्न समर्थ हुनेछैनन् भन्ने थाहा थियो ?
- थाहा थियो ।

- दशमध्ये एउटै आज्ञा उल्लङ्घन गर्दा पनि परमेश्वरले दिनुहुने सजाय के हो ?
- अनन्त अग्निको दहको मृत्यु ।

- यहाँ परमेश्वरले मोसालाई किन उहाँको निम्ति पाल बनाउन लगाउनुभयो भन्ने कुरा लेखिएको छ ।

- किनभने परमेश्वरले इज्रेलीहरूलाई प्रेम गर्नुभयो त्यसैले उहाँ तिनीहरू आत्मिक आगोको दहको मृत्युमा नपरून् भन्ने चाहनुहुन्थ्यो ।

- किनभने परमेश्वर इज्रेलीहरू आत्मिक आगोको दहको मृत्युमा नपरून् भन्ने चाहनुहुन्थ्यो त्यसैले उहाँले त्यसबाट उम्किने बाटो दिनुभयो ।

- परमेश्वरले इज्रेलीहरूलाई उम्कन बनाइदिनुभएको बाटो के थियो ?

- जब जब इज्रेलीहरू पाप गर्थे र परमेश्वरको आज्ञा भङ्ग गर्थे तब तिनीहरू पालमा जान्थे र जनावरको बलि चढाउँथे ।

- जनावरहरूको रगत देखेपछि परमेश्वर के गर्नुहुन्थ्यो ?

- जब परमेश्वर जनावरको रगत देख्नुहुन्थ्यो तब उहाँ तिनीहरूको पापको निम्ति अझ ठूलो मोल तयार नपारुन्जेलसम्म त्यसलाई थमौती गर्नुहुन्थ्यो ।

- मोसा र इज्रेलीहरूले पाल कसरी बनाऊन् भन्ने परमेश्वरले चाहनुभयो ?

आउनुस् प्रस्थान २५:९ पद पढौं ।

[9]त्यो पवित्र पाल र त्यस भित्रका प्रत्येक चीज कस्तो देखिनु पर्छ म तिमीलाई बताउँछु। प्रत्येक चीज मैले तिमीलाई देखाए जस्तै बनाऊ।

- मोसा र इज्रेलीहरूले पाल कसरी बनाऊन् भन्ने परमेश्वरले चाहनुभयो ?
- परमेश्वरले भन्नुभएजस्तै ठ्याक्कै उस्तै गरी ।

- मोसाले डुङ्गा कसरी बनाऊन् भन्ने परमेश्वरले चाहनुभयो ?
- परमेश्वरले भन्नुभएजस्तै ठ्याक्कै उस्तै गरी ।

- नोआलाई उहाँले भन्नुभएजसरी ठ्याक्कै उस्तै गरी डुङ्गा बनाउन भन्नुभएजस्तै परमेश्वरले मोसालाई पनि उहाँले भनेकै नापमा पाल बनाउन भन्नुभयो ।

- हामी परमेश्वरलाई हामी कसरी उहाँकहाँ आउनेछौं भनी भन्न सक्दैनौं ।

- हामी परमेश्वरकहाँ उहाँले हामीलाई भन्नु भएअनुसार आउनुपर्छ ।

- हामी परमेश्वरकहाँ हाम्रो तरिकाले आउन सक्दैनौं ।

- हामी परमेश्वरकहाँ केवल उहाँको तरिकाले मात्रै आउनुपर्छ ।

- परमेश्वरको तरिका के हो भनी हामी कहाँ सिक्न सक्छौं ?
- परमेश्वरको पुस्तक बाइबलमा ।

- परमेश्वरले इज्रेलीहरूलाई पाल बनाउँदा के सामग्री प्रयोग गर्नुभनी आज्ञा दिनुभयो ?

- जनावरको छाला र बाख्राको रौंबाबाट बनेको सामग्री प्रयोग गरेर ।

- त्यसपछि परमेश्वरले मोसालाई पालमा दुईवटा कोठा बनाउन भन्नुभयो ।

- परमेश्वरले मोसालाई पालमा बनाउन लगाउनुभएका दुईवटा कोठाको नाउँ के थियो ?

- पवित्र स्थान र महावपित्र स्थान ।

- पहिलो कोठाको नाउँ पवित्र स्थान थियो ।
- यो परमेश्वरको निम्ति बनाइएको कोठा थियो ।

- केवल थोरै मानिस मात्रै पहिलो कोठामा जान पाउँथे ।

- दोस्रो कोठाको नाउँ महापवित्र स्थान थियो ।
- यो कोठा परमेश्वरको निम्ति मात्रै थियो ।

- केवल एकजना मात्रै उक्त महापवित्र स्थानमा वर्षमा एकचोटि जान पाउँथे ।

- किनभने त्यस कोठामा परमेश्वरको महिमा उपस्थित हुन्थ्यो ।

- यदि इज्रेलीहरूले परमेश्वरले मोसालाई भन्नुभएजस्तै गरी पाल बनाउथे भने परमेश्वरको महिमा महापवित्र स्थानमा उपस्थित हुन्थ्यो ।

- त्यसपछि परमेश्वरले मोसालाई महापवित्र स्थानमा राख्नको लागि एउटा विशेषखाले बाकस बनाउन भन्नुभयो ।

- त्यस विशेष बाकसलाई करारको सन्दुक भनियो ।

आउनुस् प्रस्थान २५:१०-११ पद पढौं ।

[10] "बबुल काठको एउटा सन्दूक बनाऊ। यो पवित्र सन्दूक दुइ हात आधा लामो अनि एक हात आधा चौंडाइ र एक हात आधा उचाइँको हुनुपर्छ। [11] यो सन्दूकको भित्र अनि बाहिर शुद्ध सुनले मोहोर्नु पर्छ। सन्दूकको बाहिर वरिपरि सुनको घेरा बनाउनु पर्छ।

- करारको सन्दुक विशेषखाले काठबाट बनिनुपर्छ भनी परमेश्वरले आज्ञा दिनुभयो ।
- परमेश्वरले करारको सन्दुक सुनले मोहर्नुपर्छ भनेर पनि आज्ञा दिनुभयो ।
- परमेश्वरले करारको सन्दुकको लम्बाइ साढे दुई हात, चौडाइ र उचाइ साढे एक हातको बनाउनु भनेर पनि भन्नुभयो ।
- त्यसपछि परमेश्वरले मोसालाई त्यस परमेश्वरको सन्दुकलाई मोहर्नु भनेर निर्देशन दिनुभयो ।

आउनुस् प्रस्थान २५:१७ पद पढौं ।

[17] त्यसपछि दुइ हात आधा लामो अनि एक हात आधा चौंडाईको शुद्ध सुनको एउटा ढकनी बनाऊ।

- करारको सन्दुकको निम्ति एउटा शुद्ध सुनको कृपासन बनाउनु भनी परमेश्वरले मोसालाई आज्ञा दिनुभयो ।
- परमेश्वरले उक्त कृपासन साढे दुई हात र चौडाइ साढे एक हात बनाउन भन्नुभयो ।
- उक्त कृपासन परमेश्वरको महिमा इस्रेलीहरूका निम्ति रहन ठाउँको लागि थियो ।
- त्यसपछि परमेश्वरले मोसालाई उक्त कृपासनको दुवै किनारमा राख्नको निम्ति दुईवटा करूबहरू बनाउन भन्नुभयो ।

आउनुस् प्रस्थान २५:१८-२० पद पढौं ।

[18] "अनि मार्तेलले पिटेर सुनलाई दुइवटा करूब दूतहरू बनाऊ। अनि दुवैलाई ढकनीकोमाथि छेउ छेउमा
लगाई देऊ। [19] एउटा करूब एक छेउमा अनि अर्कोलाई अर्को छेउमा राख। अनि ढकनी र दूतहरू यस्तो
यस प्रकारले जोडनु पर्छ तिनीहरू एउटै टुक्राले बनिएको जस्तो होस्। [20] करूब दूतहरू एक अर्कापट्टि
फर्किएको हुनुपर्छ अनि तिनीहरूका पखेंटाहरू ढकनीमाथि फैलिएको हुनुपर्छ।

- परमेश्वरले मोसालाई दुईवटा करूब बनाएर त्यस कृपासनको दुवैतिर एकएकवटा राख्न भन्नुभयो ।

- परमेश्वरले दुई करूबहरूका मुख कृपासनतिर आमने सामने भएर फर्केको हुनुपर्छ, तिनीहरूका पखेटाले कृपासनलाई ढाकेको हुनुपर्छ र तिनीहरूले कृपासनतिर हेरेको हुनुपर्छ भन्नुभयो ।

- त्यसपछि परमेश्वरले उक्त कृपासनलाई करारको सन्दुकको माथि राख्न निर्देशन दिनुभयो ।

आउनुस् प्रस्थान २५:२१-२२ पद पढौं ।

21 "म तिमीलाई करार पत्र दिन्छु र त्यो तिमीले सन्दूक भित्र ढकनी लगाएर राख्नु पर्छ। 22 जब म
तिमीलाई भेट्छु, करारको सन्दूकमाथि राखिएको करूब स्वर्गदूत बीचबाट तिमीसित कुरा गर्नेछु।
त्यही स्थानबाट इस्राएली मानिसहरूलाई म आफ्नो आज्ञाहरू दिनेछु।

- परमेश्वरले मोसालाई करारको सन्दुकभित्र परमेश्वरले दिनुभएका दश आज्ञा लेखिएका दुईवटा पाटी राख्न भन्नुभयो ।

- यो त्यही ठाउँमा हुनुपर्थ्यो जहाँ दुई सुनौला करूबहरूले कृपासनलाई घेरेका थिए जहाँ इज्रेलीहरूको निम्ति परमेश्वरको महिमा आउँथ्यो ।

- परमेश्वरले मोसालाई पवित्र स्थान र महापवित्र स्थान विभक्त गर्नको लागि पालभित्र पर्दा लगाउन पनि भन्नुभयो ।

आउनुस् प्रस्थान २६:३१ र ३३ पद पढौं ।

31 "निलो, बैजनी र राता धागाले बटारेको सुती कपडाका पर्दाहरू बनाऊ। यसलाई करूब र्स्वगदूतका नक्साहरूले सुसज्जित पार।
33 करारको सन्दूकलाई पर्दाको पछाडी राख। यस पर्दाले पवित्र स्थानलाई महापवित्र स्थानबाट छुट्टाउँछ।

- पर्दा लगाएर महापवित्र र पवित्र स्थान विभक्त गर्नुको अर्थ के थियो ?

- इज्रेलीहरू पापको कारणले गर्दा परमेश्वरबाट अलग भएका छन् भनी तिनीहरूलाई सिकाउन पर्दा हालिएको थियो ।

- पर्दाले महावपित्र स्थान र पवित्र स्थानलाई अलग गरेजस्तै पापले परमेश्वर र मानिसलाई अलग गरेको छ ।

- जब पर्दा हालिसकिएको थियो तब परमेश्वरले मोसालाई महापवित्र स्थानमा करारको सन्दुक राख्ने आज्ञा दिनुभयो ।

- परमेश्वरले पालको वरिपरि बार लगाउन भन्नुभयो ।

- त्यसपछि बारको भित्र र पालको अगाडि परमेश्वरले मोसलाई काँसाले ढाकेको एउटा बेदी बनाउन भन्नभुयो ।

आउनुस् उत्पत्ति २७:१-२ पद पढौं ।

“बबुल काठको एउटा वेदी बनाऊ। त्यो वेदी पाँच हात लामो तथा पाँच हात चौंडा र तीन हात उचाइ वर्ग आकारमा बनिनु पर्छ। [2] त्यस वेदीको चारैवटा कुनामा एक एकवटा सींग बनाऊ र प्रत्येक सींगलाई यस्तो प्रकारले जोड कि सबै एउटै टुक्राले बनिएको देखियोस्। तब वेदीलाई काँसाले मोहोरी देऊ।

- जब कुनै इज्रेलीले पाप गर्छ तब त्यसले उक्त काँसाको बेदीमा जनावरको बलिदान चढाओस् भनी परमेश्वरले आज्ञा दिनुभयो ।

- जनावरको बलिदान कसरी दिनुपर्ने हो भनी परमेश्वरले इज्रेलीलाई दिनुभएको आज्ञा यहाँ लेखिएको छ ।

आउनुस् लेवी १:४ पद पढौं ।

[4] उसले आफ्नो पापको प्रायश्चितको निम्ति मारिन लागेको पशुमाथि आफ्नो हात राख्नु पर्छ। अनि परमप्रभुले त्यस व्यक्तिलाई शुद्ध गराउन होमबलि ग्रहण गर्नुहुनेछ।

- दोषी इज्रेलीले बलिदान दिने जनावरको टाउकोमा हात राखेपछि त्यो उसको प्रायश्चित्तको निम्ति योग्य हुनेछ भनी परमेश्वरले भन्नुभयो ।

- तिनीहरूले बलि दिन लागेका जनावरको टाउकोमा हात राख्नुपर्छ भनी परमेश्वरले किन आज्ञा दिनुभयो ?

- इज्रेलीहरूले जनावरको टाउकोमा हात राखेर स्वीकार गर्नुपर्थ्यो कि उसले पाप गरेको छ र मर्नुपर्छ तर परमेश्वरले त्यसको बदलमा जनावरको मृत्यु स्वीकार गर्नुहुन्छ र मान्छेलाई जोगाउनुहुन्छ ।

- के जनावरको रगत इज्रेलीहरूले गरेको पापको मोल चुकाउन सक्थ्यो ?
- सक्दैनथ्यो ।

- त्यसोभए परमेश्वरले किन इज्रेलीहरूलाई तिनीहरूको पाप मोचनको निम्ति जनावरको बलिदान दिन भन्नुभयो त ?

- परमेश्वर इज्रेलीहरूलाई पापको दण्ड मृत्यु हो भनी सिकाइरहनुभएको थियो ।

- परमेश्वरले जनावरको रगत देखेपछि के गर्नुहुने थियो ?

- जब  परमेश्वरले जनावरको रगत देख्नुहुनेथियो तब उहाँले इज्रेलीहरूलाई रगतको ठूलो मोल चुकाउने बेलासम्म तिनीहरूको पाप थमौती गर्नुहुनेथियो ।

- त्यसपछि परमेश्वरले मोसालाई तिनका दाइ हारूनलाई पूजारीहरूका प्रधान बनाउन भन्नुभयो ।

- परमेश्वरले मोसालाई हारूनका छोरालाई पूजारी बनाउन पनि भन्नुभयो ।

आउनुस् प्रस्थान २८:१ पद पढौं ।

परमप्रभुले मोशालाई भन्नु भयो, "तिम्रो दाज्यू हारून, उसका छोराहरू नादाब, अबीहू, एलाजार अनि ईतामारलाई इस्राएली मानिसहरूलाई छोडेर तिमी कहाँ आउनु भन। यी मानिसहरू पूजाहारी भएर मेरो सेवा गर्नेछन्।

- परमेश्वरले हारून र तिनका छोरालाई पूजारी बनाउनुभयो ।

- तर केवल पूजारीहरूका प्रधान हारून मात्रै महापवित्र स्थानमा जान सक्थे ।
- अनि हारूनलाई पनि महापवित्र स्थानमा जाने अनुमति वर्षमा एकदिन मात्रै थियो ।

- किनभने परमेश्वर पवित्र हुनुहुन्छ र सबै पापलाई घृणा गर्नुहुन्छ त्यसैले प्रधान पूजारी वर्षमा एकचोटि मात्रै महापवित्र स्थानमा जान सक्थे ।

आउनुस् लेवी १६:२ पद पढौं ।

2 परमप्रभुले भन्नुभयो, "तेरो दाज्यू हारूनलाई भन। उसलाई सम्झाऊ उसको इच्छा अनुसार जतिबेला चाह्यो त्यतिबेला पर्दा पछाडी महा-पवित्रस्थान जहाँ पवित्र सन्दूक राखिएको छ त्यहाँ कहिले पनि नजाऊन। यस पवित्र सन्दूकमाथि भएको कृपा-आसन छ अनि म त्यो कृपा-आसनमाथि बादलमा दर्शन दिन्छु। यदि हारून त्यस कोठामा गए ऊ मर्न सक्छ।

- जैले मन लाग्यो तैले महापवित्र स्थानमा छिर्‌यो भने हारूनलाई के हुनेथियो ?

- तिनी मर्ने थिए ।

- हारून महापवित्र स्थानमा परमेश्वरले भन्नुभएको दिनमा वर्षमा एकचोटि मात्रै प्रवेश गर्न सक्थे थिए ।

- जब परमेश्वरले हारूनलाई महापवित्र स्थानमा पस्न अनुमति दिनुभएको दिन आयो तब परमेश्वरले हारूनलाई साथमा के लिएर जान भन्नुभयो ?

आउनुस् लेवी १६:१४ पद पढौं ।

14 ऊ साँढेको केही रगत औंलाले लिन्छ अनि यसलाई विशेष आवरणमाथि छर्कन्छ। उसले आफ्नो औंलोले रगत विशेष आवरणअघि सात पटक छर्कने छ।

- परमेश्वरले हारूनलाई महापवित्र स्थानमा जाँदा जनावरको रगत लिएर जानु भन्नुभयो ।

- जनावरको रगतले हारूनले के गर्नुथियो ?

- उनले जनावरको रगत लिएर करारको सन्दुकमाथि राखिएको कृपासनमा छर्कनुपर्थ्यो ।

- किनभने परमेश्वर पवित्र हुनुहुन्छ र सबै पापलाई घृणा गर्नुहुन्छ त्यसैले प्रधान पूजारीले महापवित्र स्थानमा जनावरको रगत लिएर जानुपर्थ्यो र करारको सन्दुकमाथि भएको कृपासनमा छर्कनुपर्थ्यो ।

- यदि हारूनले परमेश्वरको आज्ञा पालन गर्थे भने र रगत लिएर करारको सन्दूकमा छर्किन्थे भने परमेश्वरले के गर्नुहुनेथियो ?

- परमेश्वरले इज्रेलीहरूको पापको दण्ड धैरै वर्षसम्मको लागि थमौंती गर्नुहुनेथियो जबसम्म पापको उत्तम मोल चुकाउने तरिका तैयार हुँदैन ।

- हामी परमेश्वरलाई उहाँकहाँ कसरी आउने भनी भन्न सक्दैनौं ।

- हामी परमेश्वरकहाँ उहाँले भनेकै तरिकाअनुसार जानुपर्छ ।

- हामी परमेश्वरकहाँ हाम्रो तरिकाले जान सक्दैनौं ।

- हामी परमेश्वरकहाँ परमेश्वरको तरिकाले मात्रै जान सक्छौं ।